# कटहरी गाउँपालिका
# Katahari Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of Rural Municipal Executive
कटहरी, मोरङ / Katahari, Morang

Ph:- 021-404100
Koshi Province, Nepal
कोशी प्रदेश, नेपाल

प.सं./Ltr.No.:
च.नं./Ref.No.

मिति (Date):.............................

### आन्तरिक आय ठेक्का सम्वन्धी सार्वजनिक सूचना ।

**( प्रथम पटक प्रकाशित मिति २०८१/०३/११ गते मंगलवार)**

प्रस्तुत विषयमा स्थानीय सरकार संचालन ऐन, २०७४ मा व्यवस्था भए बमोजिम आर्थिक वर्ष ०८१/०८२ देखि आर्थिक वर्ष २०८५/०८६ सम्म पाँच वर्षको लागि यस गाँउपालिकाको अधिनमा रहेको तपशिलका शर्तहरुको आधारमा सटरहरु ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनिहरुले तोकिएको अवधिभित्र रितपूर्वक शिलबन्दी दरभाउपत्रमा भाग लिनु हुनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| ठेक्का न. | विवरण | प्रतिमहिना न्युनतम अङ्क (भ्याट सहित) रु. | फारम दस्तुर रु. | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति र समय | दरभाउपत्र बुझाउने अन्तिम मिति र समय | दरभाउपत्र खोल्ने मिति र समय | स्थान |
|---|---|---|---|---|---|---|---|
| २ | सटर नं. १ | ११५५०।- | | | | | |
| ३ | सटर नं. २ | ११५५०।- | | | | | |
| ४ | सटर नं. ३ | ५०००।- | | | | | |
| ५ | सटर नं. ४ | १२७०५।- | | | | | |
| ६ | सटर नं. ५ | ११०२५।- | | | | | |
| ७ | सटर नं. ६ | १०६१६।- | | | | | |
| ८ | सटर नं. ७ | १०६१६।- | | | | | |
| ९ | सटर नं. ८ | १०६१६।- | १,०००।- | २०८१/०३/२५ गते कार्यालय समय सम्म । | २०८१/०३/२६ गते १२:००बजेसम्म । | २०८१/०३/२६ गते २ : ००बजे । | कटहरी गाँउपालिका को कार्यालय |
| १० | सटर नं. ९ | ७४५५।- | | | | | |
| ११ | सटर नं. १० | ७५६०/- | | | | | |
| १२ | सटर नं. ११ | ७५६०/- | | | | | |
| १३ | सटर नं.१४ | ८६१०/- | | | | | |
| १४ | सटर नं. १५ | ५०००/- | | | | | |

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

# कटहरी गाउँपालिका
## Katahari Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of Rural Municipal Executive
कटहरी, मोरङ / Katahari, Morang

Ph:- 021-404100

Koshi Province, Nepal
कोशी प्रदेश, नेपाल


प.सं./Ltr.No.:
च.नं./Ref.No.

मिति (Date):...............................



**ठेक्का कबोलका लागि शर्तहरुः-**

१. यो गोप्य शिलबन्दी दरभाउपत्रमा भाग लिनेले कबोल गरेको अंकको १२ महिना सटरभाडा वरावर रकमको ५ प्रतिशतले हुन आउने रकम राष्ट्रिय वाणिज्य बैङ्क कटहरीमा रहेको गाँउपालिकाको **धरौटी खाता नं २१९०१००३०३००००२** मा जम्मा गरि सोको सक्कले भौचर शिलबन्दी दरभाउपत्रमा समावेश गर्नुपर्नेछ ।

२. प्रत्येक सटरको ठेक्काको छुट्टाछुट्टै शिलवन्दी दरभाउपत्र पेश गर्नुपर्नेछ । जसको मूल्याङ्कन पनि छुट्टाछुट्टै गरिनेछ।

३. फारममा अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । कुनै पनि केरमेट भएमा अक्षरमा लेखिएको कबोल अंकलाई सदर गरिने छ ।

४. फारम खरिद गर्ने ब्यक्तिको हकमा लिखित निवेदन साथै नेपाली नागरिकताको प्रतिलिपि पेश गर्नु पर्नेछ । फर्म वा कम्पनीको हकमा दर्ता/नविकरण,आ.व.०७९/०८० को करचुक्ता प्रमाण पत्र पेश गर्नुपर्नेछ ।

५. ठेक्का अवधि आ.व. २०८१/०८२ को ठेक्का सम्झौता भएको मिति देखी आ.ब. २०८५/०८६असार मसान्त सम्मको लागि हुनेछ ।

६. म्याद नाघि र रित नपुगि प्राप्त फारम उपर कुनै कारवाही हुनेछैन ।

७. गाँउपालिकाको ठेक्का वापत बुझाउन बाँकि रहेको ब्यक्ति वा परिवारको अन्य सदस्यले ठेक्कामा सहभागी हुन पाउने छैन ।

८. गोप्य शिलबन्दी दरभाउपत्र स्विकार गरेको मितिले सात दिन भित्र, ३ महिनाको सटभाडा वरावरको ठेक्का कबोल वापतको एकमुष्ट रकम धरौटी **खाता नं २१९०१००३०३००००२** जम्मा गरी सोको सक्कलै भौचर सम्झौता गर्न आउदा लिएर आउनुपर्ने छ । ठेक्का सम्झौता भएपछी बन्द हडताल चक्का जाम जस्ता कारण देखाई ठेक्का कर छुट वा मिनाहा को लागि दिइने निवेदन उपर कुनै कारवाही हुने छैन र छुट वा मिनाहा हुने छैन

९. अघिल्लो महिनाको सटरभाडाको रकम महिना समप्त भएको ७ दिन भित्र भाडा रकम बुझाउनु पर्ने छ। अन्यथा नियमानुसार जरिवाना लाग्ने छ।

१०. ३ महिना सम्म सटर भाडा नबुझाएमा धरौटी वापतको रकम भाडामा मिलान गरी सम्झौता रद्द गरिने छ ।

११. सम्झौता गरी भाडामा लिएको सटर छोडनु परेमा कम्तिमा १ महिना अगावै कार्यालयलाई जानकारी गराउनुपर्ने छ । साथै सटर खाली गर्न पूर्व कार्यालयको स्वीकृती लिनुपर्नेछ ।

१२. नेपाल सरकार र गाँउपालिकाले बेला बेला दिएको निर्देशन पुर्ण रुपले पालना गर्नुपर्नेछ । साथै ठेक्का सम्बन्धि कुनै विवाद भएमा गाँउपालिकाको निर्णय अन्तिम हुनेछ ।

१३. ठेक्का कार्यान्वयनको अवधिभर सरसफाई र सटरको सम्पुर्ण खर्च ठेकेदारले ब्यहोर्नु पर्नेछ ।

१४. उल्लेखित शर्तहरु बाहेक अन्य कुराहरु प्रचलित ऐन कानुन अनुसार हुनेछ ।

१५. एउटा शिर्षकको लागी कम्तीमा तिन वटा दरभाउपत्र पेश हुन आएमा मात्र दरभाउपत्रको मूल्यांकन गरिनेछ ।

१६. अन्य जानकारिका लागि कटहरी गाँउपालिकाको कार्यालयमा सम्पर्क राख्नु होला ।

नोटः- ठेक्का सम्बन्धी विस्तृत विवरण कटहरी गाउँपालिकाको Website: Kataharimun.gov.np मा हेर्नुहोला ।



CamScanner